*Janabhawana Research Journal*
*Vol. 4, Issue No. 1, July 2025, Page: 235-249*
*ISSN: 2505-0621*

# भर्तृहरि र शतकत्रयम्

*रामचन्द्र पौडेल, पिएचडी*[1]

## लेखसार

*प्रस्तुत लेख भर्तृहरि र शतकत्रयम्को परिशीलनमा केन्द्रित छ । यसै परिप्रेक्ष्यमा प्रस्तुत लेखमा भर्तृहरिको जीवनीसम्बन्धी विभिन्न आयामको विषयमा परिचर्चा गरिएको छ । भर्तृहरिको जीवनीका बारेमा चर्चा गर्दा जीवनीपरक समालोचनाका सैद्धान्तिक पर्याधारमा गरिएको छ । यस क्रममा जीवनी शब्दको व्युत्पत्ति तथा स्वरूप पनि प्रस्तुत छ । जीवनीको कोशीय अर्थ, परिभाषा पनि यस लेखमा समावेश छ । भर्तृहरिका काव्यप्रवृत्ति र शतकत्रयम्मा उठान भएका मूलभूत पक्षको वर्णन गर्दै अन्त्यमा तीनवटै शतकम्का उपलब्धि के हो भन्ने कुरा दर्शाउँदै प्रस्तुत लेखलाई समापन गरिएको भएको छ ।*

*कुञ्जी शब्दहरू :* पिङ्गला, नीति, दिक्काल, नाथ, सम्प्रदाय

**Article information**
*Received: 30-05-2025 Reviewed: 10-06-2025 Revised: 25-06-2025 Accepted: 15-07-2025*
** Corresponding Author's Email: ramchandra@ku.edu.np*
*Cite this article as:*
Paudel, R. C. (2025). Bhartrihari ra shataktrayam. *Janabhawana Research Journal, 4*(1), 235-249. https://doi.org/10.3126/jrj.v4i1.82433

*This work is licensed under the Creative Commons CCBY-NC License*
*https://creativecommons.org/licenses/by-nc/4.0/*

[1] Associate Professor, Kathmandu University

## विषयप्रवेश

भर्तृहरि भाषा र शतककाव्यको क्षेत्रमा अत्यन्तै प्रख्यात नाम हो । यस संसारबाट भर्तृहरि बिदा भएको लगभग दुई हजार वर्षभन्दा बढी समय भइसकेको छ । संसारमा जन्मनु र मर्नु मानिसको जुन प्रक्रिया छ, त्यो प्रकृतिको नियम हो । प्रकृतिको नियमलाई स्वीकार्दै बुद्धिमान मानिस बाँचुन्जेल आफ्नो जीवन मूल्यवान् बनाउनका निमित्त प्रयत्नरत हुन्छ । प्रयत्नका क्रममा मानिसले समाजलाई जुन रचनात्मक योगदान दिन्छ त्यो इतिहासका पानामा अङ्कित हुन पुग्छ । त्यही कारणले उसलाई पछिका पुस्ताले स्मरण गर्छन् । त्यस्ता व्यक्तिका लागि **'कीर्तिर्यस्य स जीवति'** भनी संस्कृत सूक्तिले प्रतिपादन गरेको कुरा सत्य हुन जान्छ (उपाध्याय, २०४९ : २) । भर्तृहरि पनि जति समय बाँचे, बाँचुन्जेल उनले समाजका विभिन्न क्षेत्रलाई महत्त्वपूर्ण योगदान दिई उपकृत गरे ।

बाँचुन्जेल भर्तृहरिले भाषा र साहित्यलगायत विभिन्न क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएको बुझिन्छ । यस्ता प्रतिभासम्पन्न व्यक्ति भर्तृहरिले संसार छाडेको पनि लगभग दुई हजार वर्षभन्दा बढी भइसकेको छ (हिन्दीग्रामर, सन् २०२२ : १) । उनले समाजका विभिन्न क्षेत्रलाई पछिसम्म पनि काम लाग्ने कुराहरू दिए । भर्तृहरिका **वाक्यपदीय, महाभाष्यदीपिका, मीमांसाभाष्य, वेदान्तसूत्रवृत्ति, शब्दधातुसमीक्षा र भट्टिकाव्य** जस्ता रचनाहरू समाजका ऐना हुन् । भर्तृहरिबाट समाजले जे जति पायो, त्यो नै आजको विशिष्ट उपलब्धि हो । भर्तृहरिको ऊर्ध्वगामी शक्तिप्रतिको अमोघ आस्था, अपार देशभक्ति,अदम्य राष्ट्रिय स्वाभिमान र साहित्यिक संरचनामा विलक्षण योगदान रहेको बुझिन्छ । यस्ता विलक्षण प्रतिभा भर्तृहरि भौतिक रूपमा आज यस संसारमा छैनन् । बाँचुन्जेलसम्म उनले दिएका विभिन्न योगदानको कारण विद्वान्हरू सदैव उनको श्रद्धापूर्वक स्मरण र वन्दना गर्दछन् । यो लेख यस्ता प्रतिभा भर्तृहरिको जीवनी र **शतकत्रयम्**मा वर्णित विषयको अनुशीलनमा केन्द्रित छ ।

### जीवनीपरक समालोचनाका सैद्धान्तिक पर्याधार

साहित्य प्रकृति र जीवन स्रष्टाको जीवनका अनुभूतिसँग सम्बन्धित भएर रचिने भाषिक कला हो । जीवनीपरक अभिव्यक्ति र आत्मकथा जीवननिर्माण गर्ने बौद्धिक शक्ति मानिन्छन् । कविता, कथा, उपन्यास, निबन्ध आदिमा कल्पना, भावना, भावुकता आदिको महत्त्व हुन्छ । तिनको प्राणप्रतिष्ठा वस्तुगत जगत्‌को अनुभूति, भावना, कल्पना र विचारहरूद्वारा गरिन्छ । जीवनीपरक अभिव्यक्ति भने भावना र कल्पनामा आधारित नभई तथ्यहरूमा आधारित हुन्छ । यसमा यथार्थ जीवनको प्राणप्रतिष्ठा भएको हुन्छ । स्वयं जीवन प्रकृतिको शिल्प हो (गौतम, २०५९ : ५४) । महान् जीवन स्वयं नै एक सन्देश हो । मौलिकपनका साथ योगदान दिएर जिउने काम भएको छैन भने त्यो जीवन निरर्थक मानिन्छ । यस कारण सार्थक जीवनलाई लिएर जीवनीपरक साहित्यलेखन प्रतिफलित भएको देखिन्छ ।

कुनै पनि व्यक्तिको जीवनी साहित्यिक विधाका रूपमा प्रस्तुत हुँदा यसलाई विशेष अर्थमा लिने गरिन्छ । मानवको जन्मदेखि मृत्युसम्मको समयावधि र त्यसभित्र सम्बन्धित जीवनमा घटेका समस्त घटनाचक्रलाई सामान्यतया जीवन, जिन्दगानी वा जिन्दगी भनिन्छ । जीवनका घटनाक्रमको समष्टि

जीवनी हो । जसलाई साहित्यिक विधाका रूपमा स्थापित गर्दा यसले गम्भीर पारिभाषिक अर्थ प्राप्त गर्छ (गौतम, २०५९ : ५६) । साहित्यिक विधाका सन्दर्भमा जीवनीलाई 'जीवनचरित्र' पनि भन्न सकिन्छ । यसको आधुनिक नाम जीवनी हो ।

जीवनी व्यक्तित्व र कृतित्वको समष्टि रूप हो । व्यक्ति विशेषको सम्बन्ध समाज, संस्कृति र राजनीतिसँग सम्बन्धित हुन्छ । त्यसैले व्यक्तिको जीवनीबाट तत्कालीन समाजको सामाजिक, सांस्कृतिक वा राजनीतिक परिवेश बुझ्न सकिन्छ । व्यक्तिविशेषको यही सापेक्षताबाट इतिहासको एक पृष्ठ बन्दछ । त्यसैले जीवनीमा आख्यान साहित्य (Fiction) मा झैँ कल्पनाको नभई वस्तुपरक तथ्यको बढी महत्त्व हुन्छ । जीवनी लेखकले इतिहास लेखकले झैँ तथ्यको निष्पक्ष निरीक्षण, परीक्षण र प्रामाणिकतालाई सामुन्ने राखेर नायकको सत्यकथाको वर्णन गर्नुपर्छ । जीवनीमा नायकको अतिसरलीकरणलाई वर्जित मानिन्छ । विद्वान्हरूका अनुसार शोधकर्ताको पहिलो अभीष्ट शोधव्यक्तिको चोखो जीवनी पहिल्याउनु हो । बिटुलो जीवनीका आधारमा उभ्याइएको पठन उत्तेजक हुन सक्छ । जसरी पत्रकारले युद्धक्षेत्रमा गएर ज्यानको बाजी लगाएर सही सूचना पठाउँछ, त्यसरी नै मानवशास्त्रीहरूले पनि जाति वा जनजातिका बिचमा बसेर तथ्य पत्ता लगाउँछन् । जीवनीका बारेमा शोध गर्ने शोधकर्ताले पनि जसको बारेमा शोध गर्न लागेको छ । त्यस व्यक्तिको जीवनकथालाई समग्र रूपमा पत्ता लगाएर वस्तुपरक रूपमा प्रस्तुत गर्नुपर्छ । शोधकर्ताले अनुसन्धानको क्रममा अरूले तयार पारेको जीवनीसम्बन्धी सामग्रीलाई राम्ररी उपयोग गर्नु पर्छ । शोधव्यक्ति शोधकर्ताकै युगमा बाँचेको हुनुपर्छ भन्ने हुँदैन । शोधकर्ताले आफैँ जीवनी तयार पार्नेतिर लाग्नै पर्छ भन्ने पनि छैन । इतिहासकारले पहिले बितिसकेका कुराहरूलाई पत्ता लगाउन जसरी विभिन्न पद्धतिको प्रयोग गर्छ । त्यसरी नै शोधकर्ताले आफूले गर्न लागेको शोधमा शोधनायकको जीवनी पत्ता लगााउन त्यस्तै पद्धतिको उपयोग गर्नु आवश्यक छ (गौतम, २०५९ : ५६) ।

व्यक्तिको जीवनीका बारेमा शोध गर्ने शोधकर्ताले त्यो उसको जीवनका पक्षहरू के के हुन् भनी जानकारी राख्नु आवश्यक छ । शोधकर्ताले शोधनायकको जन्म, बाल्यकाल, घरको परिवेश, विद्यालयमा उसको पढाइको बारेमा पनि बुझ्नु आवश्यक छ । उल्लिखित कुराका साथै उसका साथीभाइ को को थिए, पढाइलेखाइको अवस्था कस्तो थियो भन्ने विषयमा जानकारी प्राप्त गर्नु शोधकर्ताका लागि अनिवार्य छ । शोधकर्ताले जुन व्यक्तिको जीवनीका बारेमा अध्ययन गर्छ, उसको गुरु, शिक्षक र मान्यजनसित कस्तो सम्बन्ध थियो भन्ने तथ्यलाई देखाउनु आवश्यक हुन्छ । शोधकर्ताले शोधनायकको शारीरिक स्वरूप, वैवाहिक र पारिवारिक अवस्थाको बारेमा बुझ्नु आवश्यक छ । यी कुरा बाहेक शोधनायकका जीवनमा आइपरेका घटना वा दुर्घटनालाई पनि उल्लेख गर्नुपर्छ (गौतम, २०५९ : ५६) । जुन व्यक्तिका बारेमा शोध गरिन्छ, त्यस व्यक्तिले बाँच्ने क्रममा भोगेका आन्तरिक र बाह्य सङ्घर्षका बारेमा चर्चा गर्नु पनि एउटा पाटो हो । उल्लिखित विविध कुराका अतिरिक्त उसका शत्रुता, मित्रता र जीवनदर्शनका तथ्यहरू अनुसन्धानमा अनुसन्धाताका लागि काम लाग्ने सामग्री हुन् ।

## जीवनी शब्दको व्युत्पत्ति

जीवनी शब्दलाई पाणिनीय व्याकरणले **जीवति अनया इति जीवनी** भनेर व्युत्पत्तिगत अर्थ गरेको देखिन्छ । प्राणधारण अर्थको बोध गराउने 'जीव्' धातुमा 'ल्युट्' (अन) प्रत्यय लागेपछि जीवन+ङीष् भई (ई) को मेलबाट **जीवनी** शब्द बनेको हो भन्ने कुराको उल्लेख छ (भट्टोजिदीक्षित, सन् १९७२ : ३११) ।

वाचस्पत्य कोशअनुसार प्राणधारण अर्थको बोध गराउने 'जीव्' धातुमा 'ल्युट्' प्रत्यय जोडिएपछि जीव+अन=जीवन शब्द बन्दछ । त्यही जीवन शब्दमा स्त्रीत्वमा 'ङीष्' प्रत्यय थपिएपछि जीवन+ई=जीवनी शब्द बन्दछ (भट्टाचार्य, सन् १९६२ : ३१२८) । संस्कृतमा जीवनचरित, जीवनचरित्र, जीवनचर्या, जीवनवृत्त इत्यादि शब्दले जीवनदायिनी शक्ति भएको वनस्पतिविशेषलाई बुझाएको पाइन्छ । नेपालीमा भने प्रचलित जीवनी शब्दको अर्थलाई सङ्केत गर्दछ । समग्रमा जीवनी व्यक्तिको जीवनभरका काम कुराको बारेमा क्रमिक रूपमा टिपिएको टिपोट हो ।

## जीवनीको कोशीय अर्थ

जीवनी शब्दलाई संस्कृत, अङ्ग्रेजी तथा नेपाली शब्दकोशहरूले विभिन्न अर्थहरूबाट अर्थ्याएका छन् । संस्कृत शब्दकोशअनुसार जीवनी कुनै व्यक्तिले बाँचुन्जेल गरेको क्रियाकलाप हो (अमरकोश, २०२६ : ११६४, पृ.१६८) । **नेपाली बृहत् शब्दकोश**ले कुनै व्यक्तिले जन्मदेखि मृत्युपर्यन्त गरेका क्रियाकलापलाई तथ्यपरक रूपले व्याख्या र विश्लेषण गर्नु नै जीवनी हो भनेको छ (२०४० : ४९७) ।

**अक्सफोर्ड डिक्सनरी**ले जीवनी व्यक्तिको साहित्यिक शाखाको एउटा रूप हो भनी अर्थ्याएको छ । यसलाई जीवनको इतिहास पनि भन्न सकिन्छ (सन् १९५९ : ५३) । **इन्कार्टा इन्साइक्लोपेडिया**का अनुसार कुनै पनि व्यक्तिले गरेका जीवनभरिका क्रियाकलापको वर्णन नै जीवनी हो (सन् २००८ : १) ।

व्युत्पत्ति र कोशीय अर्थका अधारमा व्यक्तिले जन्मिएदेखि बाँचुन्जेलसम्म गरेका क्रियाकलापको समष्टि जीवनी हो ।

## जीवनीसम्बन्धी परिभाषा

जीवनीका विषयमा शब्दकोशीय अर्थबाहेक अनेक विचारकहरूले आफ्ना धारणाहरू प्रस्तुत गरेका छन् । तीमध्ये प्रमुख विचारकका मान्यता र परिभाषा यस प्रकार छन् :

जीवनी व्यक्ति-विशेषको जीवनको आरम्भदेखि जीवनान्तसम्मको अवधि भन्ने बुझिन्छ । कुनै व्यक्ति विशेषले त्यस अवधिमा गरेको कार्यको वृत्तान्त नै जीवनी, जीवनचरित वा जीवनचरित्र हो ( प्रधान, २०४४ : २९) ।

जीवनी कुनै विशिष्ट व्यक्तिको लेखिन्छ, जसले समाज र देशमा राम्रा काम गरेका हुन्छन् । त्यस्ता व्यक्तिका बारेमा लेखिएको लेख नै जीवनी वा जीवन-चरित्र हो (पराजुली, २०२३ : ३०१) ।

व्यक्तिविशेषको सम्पूर्ण वा आंशिक जीवनका तथ्यपूर्ण घटना, मानसिक प्रभाव, अनुभव तथा क्रियाकलापको क्रमबद्ध विवरण सविस्तार प्रस्तुत गरिएको गद्यरचना जीवनी हो (शर्मा र श्रेष्ठ २०४६ : १९४) ।

कुनै लेखकद्वारा कुनै अरू व्यक्तिको जीवनको बयान गरी कुनै कृति लेखिँदा त्यो जीवनी हुन पुग्छ, जीवनी स्वयम् गद्यसाहित्यकै एक प्रकारको रूपमा स्थापित छ (त्रिपाठी, २०५५ : ४१) ।

इतिहास, व्यक्ति र साहित्य यी तीन तत्त्वलाई समावेश गरी लेखिएको लेख नै जीवनी हो ( गौतम, २०६९ : ५३ ) ।

जीवनको अस्तित्व भौतिक जगत्मा आएदेखि त्यो भौतिक अस्तित्व कायम रहेसम्म जीवन हो । त्यही जीवनको इतिवृत्तको भाषिक आलेखन जीवनी हो (सुवेदी, २०७१ : ५९) ।

कुनै व्यक्तिको लिखित जीवनवृत्तान्त वा जीवन इतिहास, जीवनीको सम्बन्ध जीवनका घटना तत्कालीन समयावधिसँग रहन्छ ।

उपर्युक्त धारणाहरूको सार खिच्दा व्यक्ति, प्रकृति र समस्त विश्वजगत्को जीवन हुन्छ र त्यस जीवनको आरम्भदेखि अन्तसम्मको इतिवृत्तलाई जीवनी भनिन्छ भन्ने निष्कर्ष प्राप्त हुन्छ (एटम, २०७४ : ९९) ।

## निष्कर्ष

जीवनीका बारेमा शास्त्रीय ग्रन्थ, शब्दकोश, विद्वान्हरूका विचार व्यक्त भएको देखिन्छ । जीवनीसम्बन्धी व्युत्पत्तिगत अर्थ र परिभाषाले जीवनी मानिसको जीवनमा केन्द्रित व्यक्तिवृत्तात्मक वर्णन हो भन्ने कुरालाई सिद्ध गरेको छ । व्यक्तिले जीवनभर भोगेका भोगाइ, पारिवारिक, सामाजिक, साङ्गठनिक र योग्यताका कुराहरू जीवनी अन्तर्गत पर्दछन् । व्यक्तिले जीवनयात्राका क्रममा भोगेका परिवेशबाट उत्पन्न घटना पनि जीवनीको एउटा पाटो हो । जीवनयात्राका क्रममा व्यक्तिमाथि आइपरेका संवेदनात्मक कुराहरूले पनि जीवनीसित सम्बन्ध राख्छन् । व्यक्तिले जीवनमा भोगेका आरोह अवरोहको वर्णन नै वास्तवमा जीवनी हो

जीवनीको सीमा व्यक्तिको जीवनजत्तिकै हुन्छ । विशिष्ट चरित्रका संवेदनाहरू र तिनका कोण र प्रतिकोणहरू पनि जीवनी हो । यसले जीवनीका लघु, मध्यम र दीर्घ किसिमको आकार बनाउन सामर्थ्य राख्छ । व्यक्तिमाथि दिनप्रतिदिन घटेका घटना-प्रतिघटनाहरूले उसको जीवनीलाई रोचक र आकर्षक बनाउन मद्दत् गर्छन् । व्यक्तिको गोपनीयतालाई प्रकाशमा ल्याउन जीवनीलेखन हुन्छ । तथ्यको

उद्घाटन गर्दै उपसंहारको यात्राको तय पनि जीवनीमा हुन्छ । अतः उल्लिखित कुराको अध्ययनले के कुरा सिद्ध गर्छ भने जीवनी व्यक्तिले जीवनयात्राका क्रममा भोगेका कुराहरूको वर्णन हो । उल्लिखित सद्धान्तका आधारमा भर्तृहरिको

जीवनीका बारे यहाँ छलफल गरिएको छ ।

**भर्तृहरिको जीवनी**

कुनै पनि कृतिको अध्ययन वा विश्लेषण गर्दा कृतिकारको जीवनीका बारेमा प्रकाश पार्नु मनासिब हुन्छ । लेखकले जीवनयात्राका क्रममा आफूले भोगेका र देखेका कुरालाई आफ्ना रचनामा वर्णन गरेको हुन्छ । किनकी लेखकको कृति र जीवनीका बिच अन्तर्सम्बन्ध रहेको हुन्छ । तसर्थ यो लेखमा भर्तृहरिको जीवनीका आयामका बारेमा प्रकाश पार्ने प्रयत्न भएको छ । भर्तृहरिका वास्तविक जीवनीका विषयमा भरपर्दो तथ्य प्राप्त हुन सकेको छैन । त्यसैले उनका जीवनीलाई जान्ने आधार लोककथा र दन्त्यकथा हुन् । ती आधारअनुसार भर्तृहरिको जन्म आजभन्दा लगभग दुई हजार वर्षभन्दा पहिले भएको हो । उनी भारतको मध्यप्रदेश स्थित उज्जैनमा जन्मिएका हुन् (हिन्दीग्रामर, सन् २०२२ : १) । भर्तृहरिको वंश परमार हो भन्ने जनश्रुति पाइन्छ । जनश्रुतिकैअनुसार उनी उज्जैनका राजा चन्द्रसेनका जेठा छोरा हुन् । चन्द्रसेनका अर्का छोरा पनि थिए, जसको नाम विक्रमादित्य हो । भर्तृहरिलाई सरस्वती र लक्ष्मीको असीम कृपा थियो भन्ने किंवदन्ती छ । किंवदन्तीअनुसार पिता चन्द्रसेनको निधन पछि भर्तृहरि उज्जैनका राजा भए । उनले भाइ विक्रमादित्यलाई पनि राज्यका मन्त्री बनाएको बुझिन्छ । पछि विद्याविलासी एवं ईश्वरभक्त भर्तृहरिले भाइ विक्रमादित्यलाई राजपाट सुम्पी नाथसम्प्रदायको सन्न्यासी भए भन्ने जनश्रुति पाइन्छ । विक्रमादित्यले इ.पू.५७ बाट विक्रम संवत्लाई प्रचलनमा ल्याएका हुन् भन्ने जनश्रुति छ (हिन्दीग्रामर, पूर्ववत्) ।

भर्तृहरिको जन्मस्थान उज्जैन हो भन्ने कुराको उल्लेख छ । उनको जन्म समय यही हो भनेर किटान गर्ने कुनै आधार भेटिदैन । उनको जन्म समय ईस्वी संवत् ५५० वर्षभन्दा अगाडिनै हो भन्ने मान्यता रहँदै आएको छ । यो कुरा फारसी भाषामा लेखिएको **कलितौ दिमन :** नामक ग्रन्थमा उल्लेख भएको **शशिदिवाकरयो : ग्रहपीडनम्** भन्ने पद्यबाट पनि पुष्टि हुन्छ । उक्त पद्य **पञ्चतन्त्र**बाट साभार गरिएको भन्ने स्पुष्टि हुन्छ । पञ्चतन्त्रमा उल्लेख भएका धेरै पद्यरू विभिन्न ग्रन्थहरूबाट साभार गरिएका छन् । **कलितौ दिमन :** नामक ग्रन्थमा उल्लेख गरिएको उक्त संस्कृतपद्यांश पनि भर्तृहरिकृत **नीतिशतक**बाट साभार गरिएको देखिन्छ । **कलितौ दिमन :** नामक ग्रन्थ ईस्वी संवत् ५८१ देखि ५५० को बिचमा रचिएको हो भन्ने धेरै विद्वान्हरूका मत छ । उक्त ग्रन्थ तत्कालीन फारसी शासकको रुचिअनुसार लेखिएको हो भन्ने एकथरि विद्वान्हरू बताउँछन् । यस कुरालाई आधार मान्दा भर्तृहरि ५८१ ईस्वी संवत्भन्दा पहिले नै जन्मिएका हुन् भन्ने कुरा सिद्ध हुन्छ । केही समीक्षकका अनुसार भर्तृहरि नाथपन्थको सन्न्यासी र त्यस उपपन्थका प्रवर्तक अनि अद्वैत वेदान्ताचार्य पनि थिए (हिन्दीग्रामर, पूर्ववत्) ।

**चीनियाँ** यात्री इत्सिंगको यात्राविवरणमा उल्लेख भएअनुसार इस्वी संवत् ६५१ मा भर्तृहरि नामक वैयाकरणको मृत्यृ भयो । इत्सिंगको यात्राविवरणलाई आधार मान्दा भर्तृहरि इस्वी संवत् सातौं शताब्दिका हुन् भन्ने कुरा प्रतीत हुन्छ । इत्सिंगको यस भनाइप्रति कतिपय भारतीय विद्वान्हरू सहमत छैनन् । किनकी इत्सिंगद्वारा उल्लेख गरिएका भर्तृहरि **शतकत्रयम्**का लेखक नभई अर्कै व्यक्ति हुन् । यस कारण भर्तृहरिको जन्मसमय बारे विद्वान्हरूका बिच मतैक्य छैन ।

**भर्तृहरिसम्बन्धी लोककथा**

भर्तृहरिको जीवनी सम्बन्धमा एउटा लोककथा ज्यादै प्रसिद्ध छ । लोककथाअनुसार उनी सम्पूर्ण राजपाट त्यागी सन्न्यासी भए । सो कुरा उनैद्वारा रचित **नीतिशतकम्**को प्रारम्भिक श्लोकले पुष्टि गर्छ । उक्त श्लोकको आशय यस्तो छ –

म जसलाई सधैंभरि ज्यादै माया गर्छु, ती (पिङ्गला) म प्रति उदास रहिछिन् । तिनी जसलाई माया गर्छिन्, त्यो (अश्वपालक) अर्की स्त्रीसित आशक्त रहेछ । ती स्त्री (राजनर्तकी) पनि म प्रति स्नेहभाव राख्दी रही छे । यस कारण ती पिङ्गला, त्यो (अश्वपालक), राजनर्तकी, कामदेव र मलाई पनि धिक्कार छ । [२]

अर्को किंवदन्तीअनुसार राजाभर्तृहरिका तीनवटी रानीहरू थिए । ती रानीहरू शारीरिक सौन्दर्यका कारण अत्यन्तै सुन्दरी थिए । आफ्नी तीनवटी सुन्दरी रानीहरू हुँदाहुँदै भर्तृहरि सहरकी एक नर्तकी (अङ्गसेना) को प्रेमजालमा परेका थिए । अङ्गसेनासित भर्तृहरिको घोडाको रेखदेख गर्ने चन्द्रचूड ( सइस) र सेनापति दुबै जना प्रेम गर्थे । सेनापतिको अङ्गसेनाका अतिरिक्त सहरकी अर्की सुन्दरीसँग पनि प्रेमसम्बन्ध थियो । जसको नाम रूपलेखा थियो । त्यो समयमा ऊ नगरबधू (वेश्या) का रूपमा प्रख्यात थिई (निवास, सन् २०२१) । राजा भर्तृहरि पनि समय–समयमा अश्वपालक चन्द्रचूडलाई लिएर रूपलेखाको कोठीमा जाने गर्दथे । भर्तृहरि वेश्याको कुसङ्गतमा परेको कुरा उनका गुरु योगी गोरखनाथले थाहा पाए । गोरखनाथले राजालाई वेश्याको सङ्गतबाट छुटाउन आवश्यक ठाने । त्यसैले उनले आफ्ना शिष्यमार्फत् एउटा अमरफल राजा भर्तृहरिलाई दिनु भनी दरबारमा पठाए । त्यो फल खादा मानिस सदैव अजर र अमर बन्थ्यो । गोरखनाथका आज्ञानुसार शिष्यले उक्त अमरफल भर्तृहरिलाई दिदै त्यसको महत्त्व पनि बतायो । भर्तृहरिले गुरुप्रदत्त फल आफूले नखाइ कान्छी रानी पिङ्गलालाई खानु भनी दिए । किनकी पिङ्गला यौवनवती रही रहुन् र आफ्नो कामवासनाको तृप्तिमा बाधा उत्पन्न नहोस् भन्ने भर्तृहरि ठान्दथे । पिङ्गलाले त्यो फल आफूले नखाइ चन्द्रचूड (सइस) लाई दिइन् । किनकी पिङ्गलाको चन्द्रचूडले

---

[2]यां चिन्तयामि सततं मयि सा विरक्त साप्यन्यम् इच्छति जनं स जनोऽन्यन्सक्तः ।

अस्मत्कृते च परितुष्यति काचिदन्या धिक् तां च तं च मदनं च इमां च मां च ॥

सधैँ कामवासनाको तृप्ति गराओस् भन्ने उद्देश्य थियो । तर चन्द्रचूडले उक्त फल आफूले नखाई राजनर्तकीलाई दियो । किनकी ऊसित पनि चन्द्रचूडको शारीरिक सम्बन्ध थियो (संस्कृत सप्तगङ्गम, सन् २०२२) । राजनर्तकीले पनि उक्त अमरफल आफूले नखाई राजा भर्तृहरिलाई दिई । राजा सधैं अजर र अमर रहुन् भन्ने उसको उद्देश्य थियो । यसरी गुरुप्रदत्त फल अनेकौं चक्कर काटी पुन : भर्तृहरिकै हातमा आइ पुग्यो ।

गोरखनाथबाट प्राप्त अमरफल राजनर्तकी कहाँ कसरी पुग्यो र घुम्दै पुनः आफ्नो हातमा कसरी आइ पुग्यो भन्ने विषयले भर्तृहरि चिन्तित भए । रानी पिङ्गलाले अमरफल नखाएकोमा राजा उनीसित ज्यादै क्रुद्ध भए । राजाले तरबार झिकी रानीलाई काट्न तयार भएको अवस्थामा चन्द्रचूड (सइस) ले सारा यथार्थ भर्तृहरि (राजा) लाई बतायो । चन्द्रचूडबाट सबै यथार्थ बुझेपछि भर्तृहरिमा सांसारिक प्रपञ्चप्रतिनै वितृष्णा उत्पन्न भयो । यसरी सांसारिक प्रपञ्चाट विरक्त भएका भर्तृहरिले भाइ विक्रमादित्यलाई राज्यपाट सुम्पी सन्न्यासी जीवन बिताए । यसरी आफ्नै रानीका कारण राजाभर्तृहरि वैराग्य जीवन यापन गर्न बाध्य भएका हुन् कुरा भन्ने किंवदन्ती छ ।

## शतकत्रयको अध्ययन

काशीका प्रसिद्ध आर्यसमाजी विद्वान् युधिष्ठिर मीमांसकका अनुसार भर्तृहरिका **वाक्यपदीय, महाभाष्यदीपिका, मीमांसाभाष्य, वेदान्तसूत्रवृत्ति, शब्दधातुसमीक्षा र भट्टिकाव्य जस्ता** ग्रन्थहरू प्रकाशित छन् । युधिष्ठिरकै अनुसार भर्तृहरिका उपर्युक्त रचनाका अतिरिक्तसुन्दर र रसपूर्णयुक्त शैलमा रचिएका **नीति, वैराग्य** र **श्रृङ्गार** गरी तीनवटा शतककाव्यहरू पनि प्रकाशित छन् (हिन्दीग्रामर, २०२२ : ५) । भर्तृहरिले उल्लिखित शतक काव्यहरूमा सांसारिक गूढ रहस्यलाई मुख्य विषय बनाएका छन् । यस क्रमा भर्तृहरिले युवावस्थामा श्रृङ्गारको जुन अनुभव प्राप्त गरे, त्यो अनुभवलाई **श्रृङ्गारशतक**मा उल्लेख गरेका छन् । राजा हुँदा राज्यसञ्चालनको क्रममा जे जस्ता अनुभव प्राप्त गरेका थिए । त्यसैको फलस्वरूप **नीतिशतक**को रचना गरेका हुन् भन्ने कुरा उक्त शतकको अध्ययनबाट पुष्टि भएको छ । भर्तृहरिले सांसारिक भोगबाट उत्पन्न भएको वितृष्णाको उपलब्धि स्वरूप **वैराग्यशतक**को रचना गरेका हुन् । यस लेखमा उल्लिखित शतकहरूले उठाएका विषयमाथि क्रमशः अनुशीलन गरिएको छ ।

### क. श्रृङ्गारशतक

**श्रृङ्गारशतकमा** १०० भन्दा बढी श्लोकहरू छन् । प्रस्तुत शतकको प्रारम्भ कामदेवको स्तुतिबाट भएको छ । यो शतक मुक्तककाव्य भएकाले यसका प्रत्येक पद्यहरू स्वयंमा स्वतन्त्र छन् । **श्रृङ्गारशतक**को श्लोकका अर्थ बुझ्नका लागि पूर्वापर सन्दर्भको आवश्यक छैन । यसको प्रारम्भ ब्रह्मा, विष्णु, शिवका अतिरिक्त सौन्दर्यकका प्रतिक कामदेवको स्तुतिबाट भएको छ ।[3] प्रस्तुत शतककाअनुसार

[3]शम्भुस्वयंभुहरये हरिणेक्षणानाम् येनाक्रियन्त सततं गृहकर्मदासाः ।
वाचामा गोचरित्रविचित्रिताय तस्मै नमोभनवते कुसुमायुधाय ॥ (श्रृङ्गारशतकम्, श्लो.१.पृ.१)

स्त्रीले अनेक भावको अभिनय गरी पुरुषलाई कसरी आफ्नो प्रभावमा पार्दछन् ।[4] भर्तृहरिकाअनुसार भ्रूकटाक्ष, मिठो बोली, लज्जापूर्ण हाँसो, हंसको जस्तो चाल इत्यादि कुराहरू स्त्रीका आभूषण हुन् । ती कुराहरूका अतिरिक्त कमलका फूल जस्ता राता आँखा भएका मृगनयन युवतीहरूको पुरुषको मनलाई खिच्ने साधन हुन् ।[5] प्रस्तुत शतककाअनुसार नारीको शरीरमा वैरागीको चित्तलाई पनि आकर्षण गर्न सक्ने क्षमता हुन्छ ।[6] प्रस्तुत शतकले स्त्रीहरूविनाको संसार शून्य हुन्छ भन्दै यिनीहरूलाई स्वर्गस्वरूपाको संज्ञा दिएको छ । भर्तृहरि स्त्रीलाई घरको सौन्दर्य तथा उनको शरीरलाई परमपुण्य मान्छन् । **श्रृङ्गारशतक**ले स्त्रीरहीत मानिस विरही हुन्छ भनेको छ । प्रेमोन्मत्त नारीलाई ब्रह्माले पनि रोक्न सक्दैनन् भन्ने कुरा लेखकको कथन छ ।[7] भर्तृहरिकाअनुसार स्त्रीको सौन्दर्य, उसको यौवनउपभोगको इच्छा एवं कामवासनामा अतिलिप्त हुनु पुरुषका दुर्वलता हुन् । **श्रृङ्गारशतक** भर्तृहरिले यौवनावस्थामा प्राप्त गरेको अनुभवको दस्ता बेज हो भन्ने कुराको अनुमान गर्न सकिन्छ । कविकाअनुसार कामवासनाको कारण मानिस आफ्नै विवेकको हत्या गर्न बाध्य हुन्छ । यसको उचित रूपमा उपभोग गर्न समाजलाई भर्तृहरि आह्वान गर्छन् ।

**श्रृङ्गारशतक**ले स्त्रीमा अधिक विश्वास नगर्नु भनेको छ । गरेमा गरेमा घातको सिकार हुन्छ । सबै स्त्री घाती हुँदैनन् भन्ने कुरा पनि लेखकले बताएका छन् । भर्तृहरिकाअनुसार स्त्री क्षमाका प्रतीक हुन् । तथापि उनीहरू वासनाको तृप्ति र धन गर्नमा जस्तो सुकै मूल्य चुकाउन पछि हट्दैनन् । त्यो कुरा भर्तृहरिमाथि उनकै कान्छी रानी पिङ्गलाले गरेको विश्वासघातको वर्णनबाट प्रमाणित भएको छ । स्त्री प्रकृतिको रूप र सारा सिर्जन शक्तिका स्रोत हुन् लेखकको भनाइ छ । श्रृङ्गारशतकले स्त्रीविना सृष्टिको कल्पना गर्न नसकिने भनेको छ । सावधानी पूर्वक स्त्रीको उपभोग गरेमा मानवजीवन सन्तुलित तथा गतिशील भई अगाडि बढ्छ भन्ने प्रस्तुत शतकले बताएको छ ।

### ख.नीतिशतक

भर्तृहरिका अन्य शतकको तुलनामा **नीतिशतक** विख्यात कृतिका रूपमा परिचित छ । संस्कृत भाषाको ज्ञान भएका अधिकांश पाठकहरूले लोकविश्रुत यस शतकको अधिकांश पद्यहरू कण्ठस्थ गरेका हुन्छन् । संस्कृत नजान्ने पाठकहरूको हितलाई ध्यानमा राखी पहिलेदेखिनै **नीतिशतक**का श्लोकहरू विभिन्न भाषामा अनुवाद पनि भएको देखिन्छ । संस्कृतकाव्य परम्परामा नीतिशतकलाई भर्तृहरिको कीर्ति कौमुदी रूपमा लिने गरिएको छ । प्रस्तुत शतक भर्तृहरि राजा हुँदा राज्यसञ्चालनको क्रममा प्राप्त गरेका अनुभवको दस्तावेज हो । **नीतिशतक** मुक्तक काव्यका रूपमा परिचित छ । यसमा १२२

---

[4]समस्त भावै : खलु बन्धनं स्त्रीय स्त्रीय : (श्रृङ्गारशतकम्, श्लो.७.पृ.९)

[5]कुर्वन्ति कस्या न मनो विवशं तरुण्यो (श्रृङ्गारशतकम्, श्लो.१०.पृ.११)

[6]केशा संयमिन : श्रुतेरपिपरं पारंगते लोचने चान्तर्वक्त्रमपि स्वभावशुचिभि : कीर्णं द्विजनां गणैः ।
मुक्तानां सतताधिवास रुचिरं वक्षोजकुंभ द्वयम् इत्थं तन्विपुः प्रशान्तमपि ते क्षोभं करोत्येव न ॥ (श्रृङ्गारशतकम्, श्लो.१२.पृ.३१)

[7]उन्मत्तप्रेम संरम्भादारभन्ते यदंगना । तत्र प्रत्यूहमाधातुं ब्रह्मापि खलु कातरा : ॥ (श्रृङ्गारशतकम्, श्लो.६०.पृ.१९३)

श्लोकहरू छन् ती श्लोकहरू विभिन्न शास्त्रीय छन्दमा लेखिएका छन् । अविनाशी तथा अव्यक्त ब्रह्मको स्तुतिबाट **नीतिशतक**को प्रारम्भ भएको देखिन्छ । जसलाई मङ्गलाचरण भनिन्छ । मङ्गलाचरणमा उल्लेख भएअनुसार जसलाई हामी ब्रह्म भन्छौ, त्यो एक दिशामा मात्र सीमित छैन । त्यो पूर्वपश्चिम इत्यादि दिशाहरूमा व्याप्त छ । ब्रह्म भूत्, वर्तमान र भविष्यत् जस्ता समयको सीमाभित्र सीमित नरहने र अविनाशी छ भनीएको छ । जसको सत्ता आत्मानुभावमा मात्र केन्द्रित रहन्छ । यस्ता अनेकौं गुण भएका तेजस्वरूप ब्रह्मलाई नमस्कार छ ।[8] यसरी **नीतिशतक**को प्रारम्भमा मङ्गलाचरण पछि भर्तृहरिले एउटा यस्तो श्लोक लेखेका छन्, त्यसैको आधारमा उनको जीवनचरित्र कस्तो रहेछ भन्ने कुराको अनुमान सहजै हुन्छ । **नीतिशतक**मा भर्तृहरिले श्रृङ्गारिक भावको खण्डन गरेका छन् । प्रस्तुत शतकका मुख्य–मुख्य विषयहरू दुर्जनको निन्दा, विद्वान्को प्रशंसा, सत्संगको महत्त्व, धनको महिमा जस्ता विषयहरू समावेश छन् । लेखकले प्रस्तुत शतकमा तेजस्वी व्यक्तिको स्वभाव कस्तो हुनु पर्छ भन्ने विषयमा चर्चा गरेको छन् । मानिसका जीवनमा आइपर्ने विभिन्न कठिनाई, भाग्यको अटलता एवं परोपकारको प्रशंसा जस्ता कुराहरूलाई नीतिशतकमा वर्णन छ । यो लेख उल्लिखित विषयको उहापोह (छलफल) गर्नमा केन्द्रित छ ।

### ग.दुर्जनको निन्दा

भर्तृहरिले **नीतिशतकमा** सर्वप्रथम दुर्जन (मूर्ख) को प्रवृत्ति कस्तो हुन्छ भन्ने सन्दर्भ उठाएका छन् । उनकाअनुसार मूर्ख सदैव दुराग्रही भावले युक्त हुन्छ । मूर्खको दुराग्रही भावलाई हटाउन असम्भ हुन्छ । भर्तृहरि संसारमा यस्ता असम्भव कार्यहरू छन्, प्रयत्न गरेमा ती सम्भव हुन सक्छ भन्छन् । जस्तै गोहीको दाँतमा अड्केको मणि निकाल्नु, छाल आइ रहेको समुद्र पौडेर पार हुनु, बालुवाबाट तेल निकाल्नु अस्म्भव छ । त्यसरीनै तिर्खाले व्याकुल हुँदा मृगतृष्णाबाट प्यास मेटाउनु र खरायोको सिङ् भेट्टाउनु पनि असम्भव छ । ती कार्यहरू प्रयत्न पूर्वक गऱ्यो भने सम्भव हुन सक्लान् । तथापि हठी/मूर्खको कलुषित मनलाई कहिल्यै पनि प्रसन्न पार्न सकिदैन ।[9] भर्तृहरिले मूर्ख मानिसका विशेषताको बारेमा पनि **नीतिशतक**मा वर्णन गरेका छन् । उनकाअनुसार मूर्खले विद्वान्हरूको सभामा गएर नबोल्नु नै उसको आभूषण (गहना) हो[10] किनभने मूर्खको अधिकांश समय अर्काको प्रगतिमा ईर्ष्या

---

८दिक्कालाद्यनवच्छिन्नानन्तचिन्मात्रमूर्तये ।
स्वानुभूत्येकमानाय नमः शान्तायतेजसे ॥ (नीतिशतकम्, श्लो.१.पृ.१)

[9]प्रसह्य मणिमुद्धरेन्ममकरवक्त्रदंष्टान्तरात्
समुद्रमपिसन्तरेत् प्रचलदूर्मिमालाऽऽकुलम् ।
भुजङ्गमपि कोपितं शिरसि पुष्पवद् धारयेत्
न तु प्रतिनिविष्टमूर्खजनचित्तमाराधरेत् ॥ (नीतिशतकम्, श्लो.४.पृ.३)

[10]स्वायत्तमेकान्तगुणं विधात्रा विनिर्मितं छादनमज्ञतायाः ।
विशेषतः सर्वविदां समाजे विभूषणं मौनमपणिडतानाम् ॥ (नीतिशतकम्, श्लो.७.पृ.५)

गर्दै व्यतीत हुने भएकाले उसको मन विद्याभ्यासमा आकर्षित हुदैन । विद्याभ्यास नगरेका कारण विद्वान्हरूको सभामा चुप लागेर बस्नु मूर्खको बाध्यता हो ।

भर्तृहरि संसारमा हरेक कुराको निदानका लागि औषधि हुन्छ भन्छन् । उनकाअनुसार मूर्खको खराब प्रवृत्तिको निदानका लागि कुनै औषधि छैन । आगो निभाउन पानी, घामबाट बच्न छाता, मत्ता हात्तीलाई ठीक पार्न तीखो अङ्कुश गोरु र गधालाई ठिक पार्न लट्ठी औषधि हो । त्यसै गरी रोगको निदान लागि वैद्यको सङ्गत् र सर्पको विष झार्नका मन्त्र औषधिका प्रयोग हुन्छ । मूर्खलाई सही बाटोमा हिडाउन कुनै औषधि नभएको भर्तृहरिको कथन छ ।[11] यसै प्रसङ्गमा उनले कुनै मानिस विद्वान् भए पनि ऊ दुर्जन छ, भने त्यसको सङ्गत् कहिल्यै नगर्नु भनेका छन् । मानिसले आफ्नो जीवन सार्थक बनाउनका निमित्त विद्या र शिष्टाचारलाई महत्त्व दिनै पर्छ भन्ने कुरामा लेखकको जोड छ । जो मानिस सुशील, गुणवान्, धार्मिक, तपस्वी र दानी छ भने ऊ समाजमा कहिल्यै पनि निन्दित हुँदैन । जसमा उल्लिखित गुणहरू छैनन्, त्यस्ता मानिस पृथ्वीको भार मात्र हो भन्ने कुराको वर्णन नीतिशतकमा छ । भर्तृहरि साहित्य, सङ्गीत र कला जस्ता गुणबाट विमुख मानिस पशु हो भन्छन् ।[12] यस्ता मानिसले सामान्य पशुको चारो (घाँस) खोस्दैनन् भनेर उनले व्यङ्ग्य गरेका छन् ।

भर्तृहरिकाअनुसार नीति निपुण मानिसको मिठो बोली उसको गहना हो । हिरामोती जस्ता बहुमूल्य गहनाबाट मानिसको बाहिरी शोभा मात्र झल्कन्छ । जसले विद्यायुक्त बोली बोल्छ, त्यो नै उसको गहना हुन्छ ।[13] विद्या मानिसको सौन्दर्य हो । सुनचाँदी, हीरामोती जस्ता धनहरू बाहिरी रूपमा मात्र देखिन्छन् । विद्या मानिसको भित्री हृदयमा रहने भएकाले यो गुप्त धन हो । भर्तृहरि सुवर्ण आदि भौतिक धनभन्दा विद्यालाई श्रेष्ठ ठान्छन् ।

भर्तृहरि **नीतिशतक**मा सत्सङ्गको महत्त्वका बारेमा पनि चर्चा गर्छन् । उनकाअनुसार मानवजीवनमा सत्सङ्गको ज्यादै महत्त्व छ । सत्सङ्ग मानिसको हृदयलाई निर्मल बनाउने साधन हो । यसले बोलीमा सत्यको सञ्चार गराउँछ, सत्सङ्गबाट मानिसका अवगुणहरू नाश हुन्छन् । सत्सङ्ग मानिसलाई यशः प्राप्त गराउने मुख्य साधन र मुक्तिको पथप्रदर्शक पनि हो ।[14]

---

[11]शक्यो वारयितुं जलेन हुतभुक् छत्त्रेण सूर्यातपो नागेन्दो निशिताङ्कुशेज समदो दण्डेन गोगर्दभौ ।
व्याधिर्भेषजसङ्गहैश्च विविधैर्मन्त्रप्रयोगैर्विषं सर्वस्यौषधमस्ति शास्त्रविहितं मूर्खस्य नास्त्यौषधम् ॥ (नीतिशतकम्, श्लो.११.पृ.७)

[12]येषां न विद्या न तपो नदानंज्ञानं न शीलं न गुणो न धर्मः
ते मर्त्यलोके भुविभार भूता मनुष्य रूपेण मृगाश्चरन्ति ॥ (नीतिशतकम्, श्लो.१३.पृ.१०)

[13]केयूराणी न भूषयन्ति पुरुषं हारा न चन्द्रोज्ज्वला
न स्नानं विलेपनं न कुसुमं नालङकृता मूर्धजाः । (नीतिशतकम्, श्लो.१९.पृ.१३)

[14]जाडयं धियो हरति सिञ्चयति वाचि सत्यं
मानोन्नति दिशति पापमपाकरोति ।
चेतः प्रसादयति दिक्षु तनोति कीर्त्तिं
सत्सङ्गयतिः कथय किं न करोति पुंसाम् ((नीतिशतकम्, श्लो.२३.पृ.१७))

भर्तृहरि **नीतिशतक**मा धनको महिमाका विषयमा पनि चर्चा गर्छन् । उनकाअनुसार मानिस विद्वान्, गुणवान् सुशील छ, तर ऊसँग धन छैन भने समाजबाट ऊ तिरस्कृत हुन्छ ।संसार धनकै पछाडि कुदेकोमा भर्तृहरि आश्चर्य प्रकट गर्छन् । समाजले धन भएकोलाई कुलीन पण्डित, ज्ञाता, कुशलवक्ता, सुन्दर र गुणी मान्छ ।[15] धनको मदले मानिस अनेक खराब काम गर्न प्रवृत्त हुन्छ । संसारमा धन नभइ पनि हुँदैन, तर त्यसलाई उचित ठाउँमा प्रयोग गरे मात्र इहलोक परलोक सप्रिने कुरामा भर्तृहरिको विश्वास छ । भर्तृहरि बुद्धिमान् मानिस धनबाट उन्मत्त मनलाई वशमा पार्न सदैव प्रयत्नशील हुन्छन् भन्छन् ।

भर्तृहरि **नीतिशतक**मा लोकव्यवहारको विषयमा पनि चर्चा गर्छन् । उनकाअनुसार मानवको प्रगतिमा भाग्यको साथ अपरिहार्य छ । यसका व्यक्तिको जीवनमा मानवसेवाले महत्त्व राख्छ । कठीन हुने भएकाले जो कोही व्यक्ति मानव सेवामा समर्पित हुन गाह्रो छ । भर्तृहरि मानिसलाई अधोगतिमा पुऱ्याउने तत्त्व क्रोध हो भन्छन् । यसैको कारण मानिस आफ्नोलाई पर ठान्न पुग्छ । भर्तृहरिले क्रोधलाई नियन्त्रणमा राख्न मानिसलाई आह्वान पनि गरेका छन् । उनी धैर्य, क्षमा, वाक्चातुर्य, शूरवीरता, यश, अध्ययन जस्ता कुराहरू मानिसका लागि आवश्यक ठान्छन् । उल्लिखित गुण भएका व्यक्तिले जीवनमा कहिल्यै पनि अफ्ठ्यारोको सामना गर्न नपर्ने कुरामा उनी विश्वस्त छन् । अन्त्यमा व्यक्ति समाजपयोगी बन्नका लागि **नीतिशतक**ले प्रतिपादन गरेको कुराको अनुसरण गर्न भर्तृहरिको आग्रह रहेको देखिन्छ । मानवजीवन सार्थक र उपयोगी हुनका लागि नीतिशतकले उठाएको विषयलाई गम्भीर रूपमा मनन गर्नु प्रस्तुत लेखको निचोड हो ।

### घ. वैराग्य शतक

**वैराग्यशतक** भर्तृहरिको लेखनयात्राको अन्तिम रचना भएको बुझिन्छ । उनले मङ्गलाचरणको प्रारम्भमा भगवान् शिवको स्तुति गरेका छन् ।[16] प्रस्तुत शतकका श्लोकहरू शास्त्रीय छन्दमा रचिएका छन् । **वैराग्यशतक**मा पनि एक सयभन्दा बढी श्लोकहरू छन् । भर्तृहरिले युवावस्थामा श्रृङ्गार रसबाट प्राप्त आनन्द र राजा हुँदा राज्यसञ्चालनका क्रममा प्राप्त गरेका अनुभवको आधारमा प्रस्तुत शतकको रचना गरेको बुझिन्छ । लेखकले सांसारिक विषय र वासना मानिसलाई प्रपञ्चबाट मुक्त हुन नदिने साङ्लो हो भनेका छन् । यस क्रममा उनले तृष्णाको निवारण, प्रमादको हानी, भोगको हानी, भोगको दुःखान्तता, वृद्धावस्थामा मृत्यूको भय, विषय त्यागबाट प्राप्त हुने सुखको अनुभूतिका बारेमा चर्चा गरेका छन् । उनले राजाबाट त्यागको श्रेष्ठता, राजा र विद्वान्बिचको तुलना, बुद्धिमान् व्यक्तिले गर्नुपर्ने कर्तव्य, डरलाग्दो कालको महिमा, सुखीजीवनको परिभाषा, मनको चञ्चलता र संसारको अनित्यता जस्ता

---

[15]यस्यास्ति वित्तं स नरः कुलीन : स पण्डितः स श्रुतवान् गुणज्ञः ।
स एव वत्ता सच दर्शनीयः सर्वे गुणाः काञ्चनमाश्रयन्ति ॥ ((नीतिशतकम्, श्लो. ४१.पृ.२९))

[16]चूडोत्तंसितचन्द्रचारु कलिकाचञ्चच्छिरश्वभास्वरो
लीलादग्धविलोलकामशलभःश्रेयोदशाग्रे स्फुरन् ।
अन्तःस्फूजःदपारमोहतिमिरप्राग्भारमुच्चाटयन् चेतःसद्मनि योगिनां विजयते ज्ञानप्रदिपो हरः ॥ (वैराग्य शतकम्, श्लो.१२.पृ.६)

विषयलाई प्रस्तुत शतकमा वर्णन गरेका छन् ।[17] उनले संसारलाई भयको घर मानेका छन् । भर्तृहरिले भोगीलाई रोग, कुलीनलाई इज्जत, धनीलाई राजाबाट डर हुन्छ भनेका छन् । मानीजनलाई अपमान, बलवान्लाई शत्रु र रूपलाई बुढ्याइँबाट डर हुन्छ । शास्त्रलाई वादविवाद, गुणलाई मूर्ख र शरीरलाई कालबाट डर हुन्छ भन्ने भर्तृहरिको कथन छ । संसारमा मानिस भयकाबिच बाँचेको हुन्छ उसलाई निर्भय बनाउने साधन शिवभक्ति हो । पछिल्ला समयमा मानिसमा लोभ, हिंसा जस्ता प्रवृत्तिहरू बढेका छन् । यस कारण मानिस भय बिच बाँच्न विवश छ । भर्तृहरिका अनुसार जसले वासनालाई त्याग्छ । ऊ भयरहीत जीवन बिताउन सफल हुन्छ । वासना मानिसमा भय उत्पन्न गराउने मूल कारण हो । जसमा भय छैन ऊ नै संसारको सबैभन्दा सुखी प्राणी हो[18] भन्ने कुरालाई **वैराग्यशतक**मा लेखकले बताएका छन् । यही नै **वैराग्यशतक**को मूलभूत विशेषता पनि हो ।

## उपसंहार तथा निष्कर्ष

भर्तृहरिद्वारा रचित तीनवटै शतकका आ–आफ्नै विषेशता छन् । त्यसैले उनका ती शतकहरूका महत्त्व त्यति बेला पनि थियो, अहिले पनि छ । भर्तृहरिलाई शतककाव्य संरचना परम्पराका उत्कृष्ट सर्जकका रूपमा लिने गरिन्छ । उनले आफ्नो जीवनकालमा केवल काव्यको मात्र रचना गरेनन् । उनले वाक्यपदीय जस्तो उत्कृष्ट व्याकरणात्म ग्रन्थको पनि रचना गरेका छन् । प्रस्तुत लेखमा कवि तथा भाषाशस्त्री भर्तृहरिको जीवनीका विभिन्न आयामलाई केलाएर जीवनीशब्दको व्युत्पत्ति, परिभाषा र कोशीय अर्थको छलफलमा केन्द्रित छ । यस क्रममा जीवनीका सैद्धान्तिक पर्याधार प्रस्तुत गर्दै त्यसका आधारमा भर्तृहरिको जीवनीका आयामहरू के कस्ता छन् भन्ने विषमा अनुशीलन भएको छ ।

श्रृङ्गारशतकमा भर्तृहरिले यौवनावस्थामा के प्राप्त गरे र के आधारमा प्रस्तुत शतकको रचना गरे भन्ने विषयको अनुशीलन छ । प्रस्तुत शतकको अध्ययनबाट स्त्री अग्निसमान हुन् भन्ने कुरा सिद्ध भएको छ् । भर्तृहरिका अनुसार पुरुष अग्निको नजिक राखिएको घिउका घडा (कलश) हो । जसरी अग्निको अगाडि पर्दा घडामा रहेको घिउ पग्लिन्छ, त्यसरी नै स्त्रीको यौवनमा पुरुष मोहित हुन्छ भन्ने कुरालाई श्रृङ्गारशतकको अध्ययनबाट पुष्टि हुन्छ । स्त्रीमा सामान्य मानिसलाई मात्र हैन, सृष्टिकर्ता ब्रह्मालाई पनि वशमा पार्न सक्ने क्षमता हुन्छ । त्यसैले पुरुष स्त्रीमा कामान्ध भई विवेकहीन बन्न पुग्छ । वासना पुरुषलाई मात्र सताउने साधन नभई यसले स्त्रीलाई पनि सताउँछ । कामान्ध स्त्रीपुरुष दुवैले त्यसको प्रभावमा नराम्रो काम गर्न पुग्छन् । स्त्री सरस्वती, लक्ष्मी र पार्वतीका रूप हुन् । यिनीहरू बुद्धि, धन र शक्तिस्वरूपा पनि हुन् । स्त्रीले पुरुषलाई सही बाटोमा हिड्न र सन्तुलनमा राख्न अहम्

---

[17]भोगा न भुक्ता वयमेव भुक्ता : तपो न तप्तं वयमेव तप्ता : ।
कालो न यातो वयमेव यातास्तृष्णा न जीर्णा वयमेव जीर्णाः ॥ ((वैराग्य शतकम्, श्लो.१२.पृ.६))

[18]भोगे रोगभयं कुले च्युति भयं वित्तेनृपालाद् भयम् ।
मौने दैन्य भयं बले रिपुभयं रूपे भयं जराया भयम् ।
शास्त्रेवादी भयं गुणो खलभयं काये कृतान्ताद् भयं
सर्वे वस्तुभयान्वितं भुवि नृणाां शम्भो पदं निर्भयम् ॥ ((वैराग्य शतकम्, श्लो.३२.पृ.१३))

भूमिका खेल्छन् ।स्त्री र पुरुषको खराब नियतको कारण खराब अवस्था सिर्जना भई दुवैको जीवन बरबाद हुन्छ भन्ने कुरा यस शतकको अध्ययनले पुष्टि गरेको छ । वासना हरेक जीवमा हुन्छ । वासना विना मानवसृष्टि अगाडि बढ्न सक्दैन भन्ने कुराको पुष्टि श्रृङ्गारशतकको अध्ययनबाट भएको छ ।

भर्तृहरिले आफ्ने काव्ययात्राका क्रममा **नीतिशतक**को रचना गरेका हुन् । उनको यो महत्त्वपूर्ण रचना हो । एक सयभन्दा बढी श्लोक भएको प्रस्तुत शतकको अध्ययनले मूर्खव्यक्तिमा भएको खराब प्रवृत्तिलाई जतिसुकै प्रयत्न गरे पनि हटाउन नसकिने भन्ने कुरालाई पुष्टि गरेको छ । प्रस्तुत शतकको अध्ययनले विद्वान् जहिले पनि प्रशंसित हुने र दुर्जन सदैव हेय हुने कुरा सिद्ध भएको छ । नीतिशतकले राजा र विद्वान्का बिचमा कहिल्यै तुलना हुन नसक्ने अनि विद्वान् विद्वत्ताको कारण सर्वत्र प्रसंशित हुन्छ भनेको छ । विद्वान्को मार्गदर्शनले समाज समुन्नतको बाटोमा लम्कने कुरामा कसैको पनि दुई मत नहुने यसले भनेको छ । भर्तृहरिले नीतिशतकको रचना आफू राजा हुँदा राज्यसञ्चालनको प्राप्त अनुभवको आधारमा गरेका हुन् । मानिसले उक्त शतकमा वर्णन गरिएका विषयको थोरै मात्रामा अध्ययन गरेको खण्डमा सदाचारयुक्त समाजको निर्माण भई देशको राजनैतिक एवं आर्थिक कुराको उन्नति हुन्छ भन्ने कुराको विश्वास गर्ने आधार यसमा देखिन्छ ।

भर्तृहरिकृत वैराग्यशतकको अध्ययनबाट मानवको जीवन क्षणभङ्गुर छ भन्ने तथ्यलाई पुष्टि गरेको छ । जसअनुसार मानिस जन्मने र मर्ने प्रक्रिया प्राकृतिक हो । मानिस प्रकृतिको कारण विषय र वासनाप्रति आशक्त हुनु स्वाभाविक हो । यस कुरा वैराग्यशतकले पुष्टि गरेको छ । वैराग्यशतकको अनुसार धन, दौलत इत्यादि कुराहरू विषसित सम्बन्ध छन् । धन, दौलत इत्यादि कुराहरू त्याग्नेलाई ज्ञानी हो भने वासना त्याग्नेलाई वैरागी भनिन्छ । वैराग्यशतकले मानवशरीर भयले युक्त छ भन्ने निष्कर्ष निकाले छ । मानिस अभय प्रदान गर्ने साधन केवल वैराग्य मात्र हो कुरा उक्त शतकले निर्दिष्ट गरेको छ । तीनवटै शतकहरूका रचना गर्दा उनले समास र अलङ्कारको पनि प्रयोग गरेका छन् । यी शतकहरू श्रृङ्गार र शान्त रसमा लेखिएका छन् । भर्तृहरिले प्रस्तुत शतकहरू सरल र सहज भाषा–शैलीमा लेखेका छन् ।

## सन्दर्भ ग्रन्थसूची

एटम नेत्र• (२०७४) • *सङ्क्षिप्त साहित्यिक शब्दकोश* • काठमाडौ : नेपाल प्रज्ञा–प्रतिष्ठान ।

उपाध्याय केशवप्रसाद, • (२०४९) • *रिमाल व्यक्ति र कृति* • ललितपुर : साझा प्रकाशन ।

गौतम, कुलचन्द्र [टिकाकार]• (२०२६)• *अमरकोश* • काठमाडौ : नेपाल प्रज्ञा–प्रतिष्ठान ।

गौतम, कृष्ण •(२०५९)• *आधुनिक आलोचना : अनेक रूप अनेक पठन* • ललितपुर : साझा प्रकाशन ।

निवास, हरि (२०२१, मार्च १६) • *भर्तृहरि एवं शतकत्रयी* [भिडियो] • यूटुब• https://www.youtube.com/watch?v=zLGBXtHdOn4

पराजुली कृष्णप्रसाद •(२०२३.)• *राम्रो रचना मिठो नेपाली* • काठमाडौँ : सहयोगी प्रकाशन ।

प्रधान, भिक्टर. *नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक* तथा *ऐतिहासिक विवेचना.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४४ ।

भट्टाचार्य, बदरराज • (सन् १९६२) • *लघुसिद्धान्त कौमुदी* • गीता प्रेस : गोरखपुर ।

भर्तृहरि • (सन् १९६२) •*वैराग्यशतकम्* चौखम्बा संस्कृत सिरिज : वाराणसी

भर्तृहरि • (सन् १९७०) •*नीतिशतकम्* • (द.सं.) चौखम्बा संस्कृत सिरिज : वाराणसी

भर्तृहरि • (सन् १९९९) •*श्रृङ्गारतशतकम्* • दिनेश नव डोगरी साहित्य प्रकाशन (हवेली वेगम) : जम्मू ।

Sanskrit Saptgangam • (२०२२, जुलाई १) • *भर्तृहरिका जीवन परिचय* [भिडियो] • यूटुब• https://www.youtube.com/watch?v=rFW3jTpNq6U

शर्मा, मोहनराज र लुईटेल, खगेन्द्रप्रसाद • (२०६१) •*पूर्वीय तथा पाश्चात्य सिद्धान्त* •काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।